# लघुकथा : गल्पदेखि झल्याँस्ससम्म

(विवेक सिर्जनशील प्रकाशनद्वारा प्रकाशित "प्रतिनिधि लघुकथा" पुस्तकमा छापिएको लेख)

– विनयकुमार कसजू

लघुकथा के हो भनेर जान्न खोज्दा झुक्याउने शब्द 'लघुकथा' नै रहेछ ।

लघुकथा के हो र के होइन भन्ने विषयमा नेपाली साहित्यका धेरै समालोचक तथा लघुकथाकारहरूले समेत कलम चलाएका छन् । तर अधिकांश लेखकहरू यही लघुकथा शब्दमै अल्मलिएको देखिन्छ ।

हामी लघुकथाको रूप र आकारमा अल्मलिइरहँदा अन्यदेशका सहित्यमा लघुकथाले धेरै रूप र गुण फेरिसकेछ । आधुनिक सूचना तथा संचारको प्रविधिलाई सुहाउने गरी यसले फड्को मार्न थालेको रहेछ ।

हामीले जुन विधालाई 'लघुकथा' भनिरहेका छौं त्यसको रूप र गुणमा आएको परिवर्तनले गर्दा त्यसको नाम नै फेर्नु पर्ने हो कि भनेर छलफल गर्नु पर्ने अवस्था आएको छ । लघुकथा शब्दले यसको लघु आकारलाई जनाउने हुँदा यसले कथाकारलाई मात्रै होइन समीक्षकहरूलाई पनि झुक्याइरहेको छ, अल्मल्याइरहेको छ ।

एकातिर यसले सूचना तथा संचार प्रविधिमा आएको अकल्पनीय विकासलाई आत्मसात गर्न खोजेको छ । अर्थात् छापा माध्यमबाट मुक्त भएर अनलाइन माध्यमतिर लम्कँदै छ र यसका लागि क्षमता बढाउँदैछ भने अर्कोतिर एक्काइसौं शताब्दीको भूमण्डलीकृत विश्वअनुरूपका विषयवस्तुलाई समेट्न खोज्दैछ ।

राम्रो कविताले झैं राम्रो लघुकथाले मन मुग्ध मात्रै पार्दैन, झल्याँस्स पारेर टुँग्याउने यसको प्रस्तुतिले गर्दा मनमा गहिरो संवेगात्मक अनुभूति छाड्छ । अँध्यारोमा फोटो खिच्दा फ्ल्यास लाइट बलेपछि एउटा दृश्य एकैछिन् आँखा अगाडि बसेझैं यसको प्रभाव कायम रहन्छ । फ्ल्यासक्वेक (Flashquake) नाम भएको अनलाइन म्यागजिनका प्रकाशक डेवी ओर्टोन भन्छन्, "यसको पहिलो विशेषता कथन वा वृत्तान्त नै हो । थोरै शब्दमा खाँजिएको वर्णनमा पाठकको ध्यान तान्नु र कथा नसकिँदासम्म पाठकलाई अल्झाइराख्न सक्नु यसका विशेषता हुन् । साथै लघुकथाको पात्र बडो मेहनत गरेर तयार पारिएको हुन्छ । पाठकले आफूलाई पात्रसँग समान अनुभूति गर्न सकेन भने पाठक र पात्र/कथाबीच सम्बन्ध हुँदैन । परिवेश र परिस्थितिको वर्णनमा यथार्थता, सूक्ष्मता र सुनिश्चितता (precision) हुनु यसको तेस्रो विशेषता हो ।"

"एकादेशमा एक जना राजा थिए । उनका चार भाइ छोरा थिए....." यस्तो कथामा कोही रमाउँछ, अथवा दन्त्यकथा, भूतप्रेतका कथा पढ्न रुचाउँछ भने उसलाई लघुकथा मन नपर्न सक्छ । तर पाँच दश मिनेटमै, वा एक खिल्ली चुरोट नतुरिँदै पढी सकिने, नसोचिएको मोडमा कथा टुंगिएको, छक्क पार्ने गरी वा एक धक्का दिएर सकिएको कथा पढ्न चाहनेका लागि लघुकथा उपयुक्त विधा हो । किनकि थोरै शब्दमा धेरै कुरा भन्न सक्ने र पढेपछि मन मुग्ध पार्ने यसको मुख्य गुण हो ।

**लघुकथाको नामाकरण :**

कथाको सानो आकार र त्यसले पार्ने प्रभावलाई मिल्ने गरी लघुकथाको नामाकरण गर्ने प्रयास विभिन्न साहित्यमा भएको देखिन्छ । अमेरिकी अंग्रेजी साहित्यमा यसलाई धेरै नाम दिइएको छ । जस्तैः सडन फिक्सन, फ्ल्यास फिक्सन, माइक्रो फिक्सन, स्मोक-लंग (एउटा चुरोट खाउन्जेल पढेर सकिने)

फिक्सन, पोस्टकार्ड फिक्सन (sudden fiction, flash fiction, micro fiction, smoke-long fiction, postcard fiction) इत्यादि । यतिले नपुगेर कसैकसैले यसलाई minute, furious, fast, quick, skinny fiction पनि भन्ने गरेका छन् । फ्रान्समा यसलाई nouvelles भनिन्छ भने चिनमा यसका धेरै नाम छन् । जस्तै : little short story, pocket-size story, minute-long story, palm-sized story, my personal favorite, the smoke-long story इत्यादि ।

नाम जे राखे पनि यसले पार्ने प्रभाव वा गुण नै प्रमुख कुरा हो । हाल आएर लघुकथालाई फ्ल्यास भन्नु पर्छ भन्नेहरूको संख्या निक्कै बढेको छ । यसको प्रभाव विजुली चम्केझैं अचानक र क्षणिक हुनुका साथै एकै छिनमा एउटा संवेगको संचार वा भावनाको स्फुरण गराउने हुनाले यो नाम लघुकथाको विशेषता जनाउँन उपयुक्त हुन्छ भन्ने धेरैको भनाइ छ । तर लघुकथाले झिलिक्क विजुली चम्केजस्तो अनुभव मात्रै गराउँदैन, यसले अचानक, अप्रत्यासित रूपमा जुन भावनात्मक स्फुरण गराउँछ त्यसलाई नेपाली शब्द "झल्याँस्स" बढी उपयुक्त र सार्थक देखिन्छ । यो शब्दले अंग्रेजी शब्दहरू flash , sudden, आकस्मिक अनुभूति सबैको अर्थ र भाव बोक्छ । यसैले लघुकथाको नयाा नाम राख्नु पर्‍यो भने "झल्याँस्स कथा" नाम राख्नु बढी सार्थक हुनेछ ।

लघुकथाको आकार :

संरचनाको दृष्टिले लघुकथा एक अनुच्छेददेखि २५०० शब्दसम्मका हुन्छन् । यति छोटो स्थानमा कथाभित्र जटिल कथानक (प्लट) राख्ने संभावना कमै हुने हुनाले लेखकले कुनै छोटो वा निजी घटनाको वर्णन (anecdotes) वा मानवजीवनका अवस्थालाई भित्री आँखाले नियाल्न नाटकीय घटनाको सहायता लिन्छ । हाल आएर लघुकथा लोकप्रिय हुनुका कारणमा म्यागजिनका संपादकहरूको बढ्दो माग, थोरै समयमा पढिसिध्याउनु पर्ने पाठकको वाध्यता र परम्परागत कथाप्रति विद्रोह प्रमुख मानिन्छन् ।

यसैले केही टिप्पणीकारहरूले लघुकथाको हालको लोकप्रियतालाई सांस्कृतिक क्षयको संकेत पनि भन्ने गरेका छन् । उनीहरूले लघुकथालाई कथाको घटिया स्वरूप भन्न पनि बेर लाउन्नन् । साथै कतिपय आलोचकहरूले लघुकथालाई वर्णनात्मक कविता वा गद्य कविता पनि ठान्छन् । लघुकथालाई कथाको सानो रूप नमानेर बेग्लै नाम दिन खोज्नेहरू पनि छन् । यसलाई सूक्ष्म कथा (micro-fiction), मिनी फिक्सन, फ्ल्यास फिक्सन, अप्रत्यासित (sudden) फिक्सनजस्ता विभिन्न नाम पनि दिएका छन् । जे नाम दिए पनि लघुकथाले निरन्तर लोकप्रियता हासिल गर्दै छ साथै कथाको उपविधाको रूपमा मान्यता पाउँदैछ ।

शेपार्ड र थोमसले सडन फिक्सनको लम्बाइ ७५० शब्दभन्दा धेरै र फ्ल्यास फिक्सनको लम्बाइ त्यो भन्दा थोरै शब्द हुन्छ भनेर एउटा रेखा कोर्न खोजेका छन् । धेरै जसो प्रकाशकले एक हजार शब्दलाई अधिकतम लम्बाइ मानेका छन् भने अनलाइन म्यागजिनहरूले पाँच सय शब्दको सीमा तोकेका छन् । कतिपयले त तीन सय शब्दभन्दा लामो हुनुहुदैन भन्छन् । लघुकथा कति छोटोहुन्छ भन्ने कुनै सीमा छैन । एक वाक्यका लघुकथा पनि लेखिएका छन् । अर्नेस्ट हेमिङ्ग्वेले अहिलेसम्मको सबैभन्दा छोटो लघुकथा लेखेका छन् जसमा केवल छ शब्द छन् । कथा यस्तो छ : For sale: baby shoes, never worn .[1] (विक्रीमा : शिशुका जुत्ता, कहिल्यै नफाट्ने ) ।

लघुकथाको शब्दको सीमा हुन्छ तर यसको विषयवस्तुको कुनै सीमा हादैन । लघुकथा कुनै पनि विषयमा हुन सक्छ । विज्ञान कथा, जादू र भूतप्रेतका कथा, तर्साउने कथा, रतिराग, रहस्य, चमत्कारका विषय पनि लघुकथाको रूपमा लेख्न सकिन्छ । लघुकथामा साहित्यको नयाानयाा प्रयोग

---

[1] http://blog.wired.com/sixwords/

गर्न सकिन्छ । कसैकसैले प्रश्नोत्तरको रूपमा त कसैले हाजिरजवाफको ढाचामा, कसैले सर्वेक्षणको प्रश्नावलीको ढाचामा पनि लघुकथा लेखेका छन् । जीवनी, चिठी, विज्ञापन, संवादको रूपमा पनि लघुकथा लेखिएका छन् । यसको ढाँचा यही हुन्छ भन्ने पनि सीमा छैन । मुख्य कुरा छक्क वा झल्याँस्स पार्ने गरी टुगिएको र आकारमा छोटो नै लघुकथाको मापदण्ड हो ।

कुनैकुनै अवस्थामा कविता र लघुकथाको सीमा मेटिन्छ । कविता आफै एउटा लघुकथा हुन सक्छ । भाषा शैलीको हिसाबले कतिपय लघुकथा कविताजस्ता हुन्छन् । प्रस्तुत लघुकथा “भकुण्डो” २०३३ सालमा प्रकाशित रूपरेखा मासिकको कविता अंक १८४ मा छापिएको थियो :

**भकुण्डो**

**पूर्वार्द्ध**

– के काम छ ?
– सुकुम्वासी हा हजूर, जग्गा पाउाछु कि भनेर आ’ को ।
– घर कहाा हो ?
– घरद्वार छैन हजूर ।
– नागरिकताको प्रमाण पत्र छ ?
– थाहा छैन हजूर ।
– के खान आएको त ? पहिले नागरिकताको प्रमाणपत्र लिएर आऊ ।
– हस हजूर ।

**उत्तरार्द्ध**

– के काम छ ?
– नागरिकताको प्रमाणपत्र लिन आ’ को हजूर ।
– घर कहाा हो ?
– घरद्वार छैन हजूर ।
– के खान आइस् त ? घरद्वारको ठेगान नभइकन नागरिकताको प्रमाणपत्र पाइन्छ ?
– थाहा छैन हजूर ।
– जा, पहिले घरद्वारको ठेगान गरेर आइज ।
– हस हजूर ........... ।

## लघुकथा झांगिनुको कारण

अहिलेको व्यस्त जीवनलाई सुहाउादो विधाको रूपमा लघुकथाले विश्वभरि नै डंका पिट्दैछ । आधुनिक मानव समाजको बदलिँदो जीवन शैली, धेरै विषमा ध्यान दिनुपर्ने वाध्यता र व्यस्तता नै लघुकथाको अहिलेको संख्यात्मक वृद्धिको कारण हो भन्ने भनाइ पनि छ । मानिसको व्यस्त जीवनकै यो प्रतिविम्ब हो भनी कोही भन्छन् । कागत र छपाइको भाउ निक्कै बढेको तर संपादकले विविधता प्रस्तुत गर्नु पर्ने कारणले पनि लघुकथा झाँगिएको हो भन्ने भनाइ पनि छ । अनि कोही कथा भन्ने परम्परागत तरिकाबाट पाठकहरू वाक्क भएकाले लघुकथाको विकास भएको भन्नेहरू पनि छन् ।

## लघुकथाका विविध उपयोग

एकातिर छोटाछोटा झल्याँस्स पार्ने कथा र कथाजस्तै टुक्राटाक्री तर स्वयंमा सार्थक रचना लेख्ने क्रम ह्वात्तै बढेको छ भने अर्कोतिर त्यस्ता टुक्रा वा कथाहरूको क्रमवद्ध श्रृंखला जोडेर सिंगो उपन्यास तयार पार्न पनि थालिएको छ । साथीभाइसँग जमघटमा रमाइलो गर्न लघुकथा सुनाउने देखि

भाषण गर्दा श्रोताको ध्यानाकर्षण गर्न र बुझाउन लघुकथा उपयोग गर्ने चलन धेरै पुरानो हो । अहिले आएर लघुकथाको आधारमा अभिनय गर्ने, लघुनाटक, छोटा चलचित्र बनाउने काम पनि सुरु भएको छ ।

विश्वसाहित्यमा एउटा भाषाबाट अर्को भाषामा अनुवाद गरिने विधाहरूमा लघुकथाको स्थान अग्रणी छ । इसपका नीतिकथादेखि आधुनिकतम अंग्रेजी, हिन्दी, चिनिया, जापानी इत्यादि विभिन्न भाषाका कथाहरू नेपाली भाषामा पनि अनुवाद भइरहेका छन् । पत्रपत्रिकाहरूमा खाली ठाउा भर्नेदेखि लिएर नियमित स्तम्भको रूपमा लघुकथाको उपयोग निरन्तर बढिरहेको छ । चिनिया पत्रपत्रिका, दैनिक पत्रिकामा समेत लघुकथाको सबैभन्दा धेरै उपयोग भइरहेको देखिन्छ । इटलीमा भविष्यवाद र गद्य कविताको रूपमा यसको उपयोग भइरहेको छ । नेपालमा कविताका पुस्तक पछि सबैभन्दा धेरै छापिने साहित्यिक विधाको रूपमा लघुकथाले स्थान लिादैछ ।

**लघुकथा लेखन**

कसैकसैले लघुकथा (short-short story) लेख्ने काम कथा लेखनभन्दा बढी कविता लेखन हो भन्छन् । कविताका झैं लघुकथाका पनि हरेक शब्द उर्जाले भरिएको हुनुपर्ने र हरेक वाक्यले कथालाई गति दिनुपर्ने हुँदा यो भनाइ सार्थक देखिन्छ । रोचक र उत्सुक बनाउादै पाठकलाई मनमुग्ध पार्नका लागि निश्चय नै लेखकले विशेष सीप प्रयोग गर्नैपर्छ ।

अति व्यस्त र थोरै समयमा धेरै कुरा प्राप्त गर्न चाहने आजको युगमा लघुकथा साहित्यको अति उपयुक्त विधा हो । तर कथा छोटो हुँदैमा पाठकले पढिहाल्छन् भनी ठान्नु हुादैन । आजको पाठकले कुनै पनि विधा पढ्ने कि नपढ्ने भन्ने कुरा को निधो पढ्न थालेको तीस सेकेण्ड वा बढीमा एक मिनेटभित्र गर्छ । त्यति समयभित्र कथाले पाठकको मन तान्न सकेन भने पछि जति आकर्षक भए पनि उसले कथा नपढ्न सक्छ । यसैले लघुकथाको थालनी अत्यन्तै महत्वपूर्ण कुरा हो । यसका लागि लघुकथा लेखकले सुरुमै पाठकको मन छुने घटना, संवाद, नाटकीय दृश्य, पात्र परिचय, रोचक र स्पष्ट वर्णन, आसन्न घटना आदि मनमोहक लेखनका विविध प्रविधि र साधनहरूको उपयोग गर्न सक्नु पर्छ ।

उपन्यास सिंगो जीवन वा समाजको कथा हो भने कथा जीवनको एउटा पाटो हो । तर लघुकथा वास्तवमा कथा नभइ दृष्टिकोण हो । यसले जीवन, समाज, विषय, घटनाको बारेमा एउटा दृष्टिकोण प्रस्तुत गर्छ । त्यो दृष्टिकोण स्पष्ट पार्न लेखकले घटना, संवाद, वर्णन आदि लेखन उपकरणहरूको प्रयोग गर्छ । एउटा लघुकथामा एउटाभन्दा बढी दृष्टिकोण प्रस्तुत गर्न खोज्यो भने कुनै पनि दृष्टिकोण स्पष्ट नहुन सक्छ ।

कथा वा कहानीको उपविधाको रूपमा लघुकथाको वर्गीकरण नयाा हो । तर यसको प्रचलन धेरै वर्षदेखि भएरहेको छ । पंचतन्त्र, बौद्ध जातककथा, इसपका नीतिकथा, चिनिया प्राचिन कथाजस्ता पुराना नीतिकथाहरूलाई आलोचकहरूले लघुकथाका मूल नमुना मानेका छन् । उन्नीसौं शताब्दीमा कथा, कहानीको उत्थानसँगै लघुकथा उपविधाको पनि थालनी संभव भएको हो । लियो टल्सटय, जेम्स जोयस, एन्टन चेखब र इसाक बाबेलजस्ता नामी लेखकले लघुकथाको संक्षिप्त र घनीभूत संरचनाको उपयोग गरे । यसका साथै ओ. हेनरी, अर्नेस्ट हेमिंगवे, फ्रान्ज काफ्का, समरसेट मम, बर्नार्ड मालामुडले लघुकथाहरू रचना गरे । सन् १९६० को दसकमा प्रयोगवादी कथाको उत्थानसँगै पत्रपत्रिकाहरूमा, खास गरी म्यागजिनहरूमा लघुकथाहरू लोकप्रिय हुनथाले । सन् १९८० र ९० को दसकमा लघुकथा संग्रहका पुस्तकहरू छापिन थालेपछि कथाको उपविधाको रूपमा लघुकथाले वैधानिकता पाउन थालेको मानिन्छ ।

## विश्वमा लघुकथाको स्थिति र प्रवृत्ति

मानव समाज एक्काइसौ शताब्दीमा प्रवेश गर्दासम्म त्यसले सूचना, ज्ञान, अनुभव, प्रयोग र प्रविधिजन्य बौद्धिक सम्पदाको अपरिमित राशि सँगालिसकेको छ जसलाई त्यसले कला, साहित्य तथा वाङ्मयले प्रदान गर्नसक्ने विविध विधामा, पाठ्य, श्रव्य, श्रव्यदृश्य, चित्र चलचित्र इत्यादि विविध रूपमा अभिव्यक्त गर्दैछ । यो अभिव्यक्तिले लघुकथालाई पनि समेटेको छ भने लघुकथाले मानव सभ्यताले हासिल गरेको ज्ञानको सार प्रस्तुत गर्दैछ, गर्ने जमर्को गर्दैछ । यसलै विश्व साहित्यमा, नवीनतम सीप र शैली अंगालेका भाषाहरूमा लघुकथाको प्रयोग खँदिलो र व्यापक रूपमा बढ्नु स्वाभाविक हो । यो प्रभाव अंग्रेजी साहित्यमा मात्रै होइन हाम्रा उत्तर र दक्षिणतिरको साहित्यमा पनि उल्लेखनीय रूपमा परेको छ । यहाा हाम्रा छिमेकी चिनिया र हिन्दी साहित्यका साथै अंग्रेजी साहित्यमा लघुकथाको विकास र प्रयोगका बारेमा चर्चा गर्नु उपयुक्त होला ।

## अमेरिकी अंग्रेजी साहित्यमा लघुकथा

अमेरिकी कवि, लेखक तथा प्राध्यापक रोनाल्ड वालेस[2] को विचारमा मानिसले भाषाको उपयोग गर्न थालेदेखि नै लघुकथाको पनि थालनी भएको हो र कल्पना गर्न सकिने समयसम्म यसको भविष्य छ । अहिले यसको लोकप्रियता बढ्नुको एउटा कारण हाम्रो जीवनको गति बढ्नु हो । हामीसँग समय थोरै छ । थोरै समयमा धेरै कुरा बुझ्नु पर्ने हुन्छ । यसैले हामीले विचार अभिव्यक्त गर्ने विधि र शैली पनि छोटो, सटीक र सांकेतिक हुँदै गइरहेको छ ।

रोनाल्ड वालेसको लघुकथाबारे अनुभव यस्तो छ : “दश वर्षअघि विस्कन्सिन-म्याडिसन विश्वविद्यालयको शैक्षिक विदाको अवसरमा म लघुकथा (short short story) तिर आकर्षित भएँ । शायद मेरो रुचि पैंतीस वर्ष पहिलेको कलेज अफ उस्टरको अमेरिकी साहित्यको पाठ्यक्रममा पुग्यो जसमा मैले हेमिंग्वेको ***इन आवर टाइम*** पहिलो पटक पढेको थिएँ । त्यो निक एडम्सको बारेमा कथाहरूको श्रृंखला थियो जसमा लामा कथाहरूको बीचबीचमा अनौठा/रमाइला “संयोजक-अध्यायहरू” (inter-chapters) थिए । एक वा दुई पृष्ठका ती संयोजक-अध्यायहरू आफैमा पूर्ण कथा थिएनन् न त तिनले कथालाई अगाडि बढाउने काम नै गर्थे । तैपनि तिनले मेरो जिज्ञासा जगाए । अथवा मेरो ध्यान मैले पैंतालिस वर्षअघि संगाल्ने गरेका अंकल स्क्रुग (Uncle Scrooge) को रमाइलो चित्रपुस्तक (comic book) तिर तानियो । अथवा म दश वर्षको हुँदा मैले आइवारे पत्रिकामा पढ्ने गरेका लि एबनर वा मेन्ड्रेकका कमिकहरू (चित्रकथा) तिर गए । अथवा पचास वर्षअघि मेरा बाआमाले मलाई सुत्ने बेलामा पढेर सुनाउने कथाहरूलाई सम्झैं ।

“जे होस्, दश वर्षअघि मैले लघुकथा लेख्न, त्यसपछि सिकाउन थालो । कविता लेखन र छात्रवृत्तिबाट म काल्पनिक कथा (fiction) लेखनमा जान चाहन्थो । यसो गर्दा राम्रै भयो । छोटा कथातिर आकर्षित हुने म एक्लो होइन रहेछु भन्ने कुरा मैले चाँडै नै थाहा पाएँ । पूरै देश यसमा लागेको थाहा पाएँ । बजारमा आइरहेका लघुकथा संग्रहहरूको संख्याले यो कुरा पुष्टि गर्‍यो । त्यस्ता संग्रहहरूमध्ये शायद जेम्स थोमस र रोबर्ट सेपर्डको ***सडन फिक्सन*** (Sudden Fiction) उल्लेखनीय छ । त्यसको लगत्तै ***सडन फिक्सन : इन्टरनेसनल, सडन फिक्सन कन्टिन्युड, फ्ल्यास फिक्सन*** (Flash Fiction) अनि ***माइक्रोफिक्सन*** (Microfiction) शीर्षकका संग्रहहरू प्रकाशित भए । साथै फ्लोरिडा स्टेट युनिभर्सिटीले “विश्वको सर्वोत्तम लघुकथा प्रतियोगिता” आयोजना गर्न थाल्यो । एक दशकसम्म

---

[2] रोनाल्ड वालेस (Ronald Wallace) संयुक्त राज्य अमेरिकाको युनिवर्सिटी अफ विस्कोन्सिन-म्याडिसनका अंग्रेजी साहित्यका प्राध्यापक हुन् । विस्कन्सिन इन्स्टिच्युट फर क्रिएटिभ राइटिङमा उनी सन् १९८५ देखि १९९८ सम्म डाइरेक्टर थिए । उनको क्रिएटिभ राइटिङको बारेमा यो वेबसाइटमा हेर्न सकिन्छ : http://mendota.english.wisc.edu/~WALLACE/

मैले त्यो प्रतियोगिता जित्ने कोशिस गरो । त्यसका लागि लेखिएका कथाहरू पछि मेरो पहिलो लघुकथा संग्रह ***क्विक ब्राइट थिंग्स*** (Quick Bright Things) मा (Mid-List Press, 2000) मा प्रकाशित भए । एक वर्ष मैले त्यो प्रतियोगिता जितो जसले गर्दा मलाई पन्ध्र मिनेटको लागि भए पनि साहित्यको यो विधाको लेखकको हैसियत प्रदान गर्‍यो ।"

माथि उद्धृत गरिएको अंश रोनाल्ड वालेसले लेखेको Stories Writers Try Short Shorts! शीर्षक लेखबाट लिइएको हो । पश्चिमी साहित्य जगत, खास गरी अमेरिकामा, लघुकथा विधाबारे बुझाइ र यसको अवस्था बुझ्न उनको लेखले सघाउने हुनाले उक्त लेखको महत्वपूर्ण अंश यहाा उद्धृत गर्नु उपयुक्त होला ।

त्यसो भए लघुकथा भनेको वास्तममा के हो र यो कहााबाट आयो ? यसको इतिहास र परिभाषा अलि विवादास्पद छ । "विश्वको सर्वोत्तम लघुकथा प्रतियोगिता" को नियममा २५० शब्दभन्दा कम शब्दका, झण्डै एक पृष्ठका कथालाई लघुकथा मानिएको छ । पछि गएर सिंगो जीवनको कथालाई प्राथमिकता दिने गरेको देखिन्छ । एक जना प्रतियोगिता विजेता स्टेफान डुनिङले यसलाई "एक पृष्ठको उपन्यास" भनेका छन् ।

***सडन फिक्सन*** संग्रहको पुछारमा लघुकथाको परिभाषा र आकारबारे विभिन्न लेखकले लेखेका लेखहरू छन् जसमा लघुकथाको लम्बाइ १५०० शब्द अर्थात् पाँच पृष्ठसम्म बढाइएको छ । थ्राल, हिब्बर्ड र होल्मानले संपादन गरेको पुस्तक ***ह्याण्डबुक टु लिटरेचर*** मा लघुकथालाई यसरी परिभाषित गरिएको छ : "समान्यतया ५०० देखि २००० शब्दको अनौठोसँग बटारिएको वा छक्क/स्तब्ध पार्ने गरी टुंग्याइएको संक्षिप्त छोटो कथा ।"

यसरी धेरैजसो मानिसहरूले लघुकथा भनेको औसतभन्दा छोटो कथा भनेर बुझेको देखिन्छ । तर के परम्परागत कथालाई छोटो पार्दैमा लघुकथा हुन्छ त ? अथवा पंक्ति नछुट्याइएको पद्य लघुकथा हो कि ? अथवा यो चातुर्यतापूर्वक समापन गरिएको (trick ending) कथा हो कि ? वा अरू केही हो ?

यसको जवाफ पाउन लेखक तथा समालोचकहरूले यसको इतिहास खोतलेका छन् । लघुकथा कहााबाट आयो ? शायद त्यहींबाट आयो जहाँबाट कथा आयो । मौखिक परम्पराबाट; गुफाबासी महिला तथा पुरुषहरूले रातीको त्रास भगाउन र गुफालाई न्यानो पार्ने प्रयास स्वरूप; तीनदेखि चारहजार इसापूर्व इजिप्टमा लेखिएका पापाइरस (नरकट बाँसको बोक्राबाट बनेको कागत); इतिहास र अर्तिकथाहरू भएको पुरानो र नयाा बाइबल; युनानी महाकाव्य इलियड र ओडेसीका पौराणिक कथा; मध्ययुगका किस्सा र नीतिकथा; बोकासियोको ***डेकामेरोन***मा भएका वेश्यालय र कामोत्तेजक विवरणहरू वा मेलोरीको *Le Morte D'Arthur* मा भएका कामेलोटका प्रशंग/उपाख्यानहरूबाट ?

वास्तवमा कथा र लघुकथा कलाको रूपमा स्थापित भएको उन्नीसौा शताब्दीमा हो । अमेरिकीहरू कथा अमेरिकाको आविष्कार हो भनी दावी गर्न रुचाउाछन् । तर यसो गर्नु अति राष्ट्रवाद ठहरिएला किनकि फ्रान्सका बाल्जाक र मोपासाँ अनि रुसका चेखोव र अरू कथाकारहरूलाई बेवास्ता गर्न सकिन्न । तर कथाको बारेमा सद्धान्त प्रतिपादन गर्ने, यसलाई गम्भीर तथा आलोचनात्मक रूपमा लिने काम सर्वप्रथम अमेरिकीहरूले गरे भन्यो भने यसमा सत्यताको अंश छ । एडगर एलन पो र हथर्न दुबैले यसको बारेमा लेखे, नियम बसाले र साहित्यिक रचनाको रूपमा यसलाई पूर्णता दिए । ....... कथामा "प्रभावको एकरूपता" ("unity of effect or impression") हुनपर्छ, साथै एकदेखि डेढ घण्टामा वा एकै बसाइमा पढेर सिध्याउन सकिने हुनुपर्छ भनेर एडगर एलन पोले अवधारणा बनाए ।

कथाको 'एउटा मात्रै प्रभाव' हुनुपर्छ; त्यसको कथानक (plot), पात्र, मन:स्थिति र भाषामा एकरूपता हुनपर्छ भन्ने कुरामा जोड दिँदा तथा कथालाई गेय काव्य (Lyric Poem) सँग जोडदा पोले

थाहै नपाइकन लघुकथाको लागि महत्वपूर्ण सिद्धान्त प्रतिपादन गर्दैथिए । यसअनुसार लघुकथालाई एकै बसाइ वा केही मिनेटमा पढ्न सकिन्छ र यसको संरचना काव्यको जस्तो हुन्छ ।

कथालाई आलोचनात्मक रूपले व्याख्या गर्ने कामको श्रेय पोलाई दिन सकिन्छ भने ओ. हेनरी र मोपासाँलाई लघुकथाले बेग्लै साहित्यिक विधाको रूप लिनुभन्दा पहिले नै लघुकथाका नमुनाहरू दिएको श्रेय दिन सकिन्छ । ओ. हेनरीको कथा ***गिफ्ट अफ मागी*** सँग धेरै पाठकहरू परिचित छन् । यो कथा उनले आफू बैंक ठगीको मुद्दामा जेलमा बसेको बेलामा लेखेका थिए । कथा यस्तो छ :

एउटा गरिब दम्पती छ । पति पत्नीले एकअर्कालाई क्रिसमसको उपहार दिन चाहन्छन् । तर दुबैसँग पैसा छैन । पतिले पत्नीलाई उनको लर्केको सुन्दर केशका लागि काइँयोको सेट किन्न चाहन्छ भने पत्नीले पतिको गोजीघडीको लागि सिक्री किन्न चाहन्छिन् । पतिले घडी बन्धकी राखेर पैसा सापटी लिन्छ र काइँयोको सेट किन्छ । उता पत्नीले घडीको सिक्री किन्नको लागि आफ्नो कपाल बेच्छिन् । यसरी लेखकले कथाको समापन चतुरतासाथ गरेका छन् ।

ओ. हेनरी यसप्रकारको समापन गर्ने कुरामा प्रख्यात थिए । अब यो विशेषता लघुकथाको संचनागत विशेषता नै बनिसकेको छ । मोपासाँको हीराको हार (Necklace) कथाको संरचना (structure) पनि यस्तै छ :

एउटी गरिब महिलाले दरबारमा भोजको निम्तो पाइन् । उनले आफ्नो क्षमताभन्दा बढी भव्य रूपमा लुगा गहना लाएर जाने विचार गरिन् । उनले एउटी धनी साथीसँग हीराको हार पैँचो मागेर लाइन् र भोजमा गइन् । संयोगवश हार हरायो । तर उनले यो कुरा साथीलाई भन्न चाहिनन् । उनले लोग्नेसँग सहयोग मागेर त्यस्तै हार किनेर साथीलाई दिइन् । तर साथीलाई यसबारे केही पनि भनिनन् । त्यो हार किनेको पैसा तिर्न उनले दश वर्षसम्म अरूको घरमा सरसफाइ गर्ने काम गरिन् । दश वर्षको जीवन बर्बाद गरेर ऋण तिरिसकेपछि उनले हार पैँचो दिने धनी साथीलाई सबै कुरा सुनाइन् । त्यो सुनेर धनी महिलाले स्तब्ध भएर हात माथि उचाल्दै हारको बास्तविक मोल बताइन् । वास्तवमा त्यो हार हीराको थिएन । नक्कली र मूल्यहीन थियो । कथाको यो चतुरतापूर्वक समापन (twist ending) ले पनि लघुकथालाई परिभाषित गर्न सघायो ।

यसरी ओ हेनरी वा मोपासाँलाई लघुकथा आविष्कार गर्ने जस दिन सकिन्थ्यो तर लघुकथाको नामाकरण र स्वरूप (form) निर्धारण गर्ने कुरामा अर्को स्रोतले श्रेय पाउने दावी गर्छ । Mildred I. Reid र Delmar E. Bordeaux ले लेखेको र इलिनोइसको ट्रस्ट बिल्डिङ इन रकफोर्डले सन् १९४७ मा प्रकाशित गरेको Writers Try Short Shorts! *(All Known Types with Examples)* शीर्षक एउटा आकर्षक सानो पुस्तकले आधुनिक लघुकथाको उद्‌गम Collier's Weekly नामक लोकप्रिय अमेरिकी साप्ताहिकले सन् १९२५ मा प्रकाशित भएको कथाबाट भएको हो भनी दावी गरेको छ । १९२५ को सेप्टेम्बर १२ को अंकमा उक्त साप्ताहिकले यस्तो घोषणा गरेको छ : “ओ. हेनरीको कृति प्रकाशनपश्चात कोलियरले कथा प्रकाशनमा महानतम आविष्कार प्रस्तुत गर्दैछ । यसको थालनी 'To Love and to Honor' कथाबाट हुदैछ । हरेक हप्ता माथि उल्लिखित चार जनामध्ये एकजना लेखकको आधा पृष्ठको कथा जीवनको किताबबाट छापिनेछ ।” ती सहभागी लेखकहरू थिए : Octavus Toy Cohen, Rupert Huges, Sophie Kerr र Zona Gale ।

***सडन फिक्सन*** मा एच.ई. फ्रान्सिसले भनेझैँ “ओ. हेनरीलाई नढाँटिकन” भन्नु पर्दा कोलियरको कथा श्रृंखला र खास गरी ***सडन फिक्सन*** मा र हालै प्रकाशित लघुकथाहरूलाई हेर्दा चतुरतापूर्ण समापन (trick ending) को अवधारणाको महत्व घट्दै गएको र पद्यात्मक भाषामा जोड दिनुको सट्टा अचानक बुझाइ वा अकस्मात बोधतिर उन्मुख संरचना, तथा अझै बाक्लो र जटिल गुण लघुकथामा थपिँदै गएको देखिन्छ । अरू लघुकथाकारहरूले लघुकथाका स्वरूपबारे भनेका कुरालाई सर्सर्ती अध्ययन गर्दा यसको परिभाषा अझ स्पष्ट हुँदै जान्छ ।

फ्रेड च्यापेलको मान्यता के छ भने लघुकथाले चोट पुर्‍याउनु/बिझाउनु ("troubling") पर्छ, अपठ्यारो, असहज अवस्थाको ("unease") अनुभूति गराउनुपर्छ । लघुकथाले मनलाई खल्बल्याउनु ("disturb") पर्छ भन्ने कुरामा जोन एल ह्युरेक्सको पनि सहमति छ । ***सर्ट सर्टस्*** नामक आफ्नै संग्रहको "परिचय" मा इर्भिङ हाव भन्छन्, "यो अति घनिभूत ढंगले खाँजिएको हुनुपर्छ, झण्डै गेय कविताजस्तै; अचानक विस्फोटन भएझैं गरी रहस्योद्घाटन/प्रकटीकरण वा झमलाहट/प्रदीपन हुनु पर्छ; यो अति बलियो/ महत्वपूर्ण/ उल्लेखनीय एउटा मात्र घटनामा सीमित हुन्छ; यसको सांकेतिक महत्व हुन्छ ।"[3] हावका अनुसार यो अझ बढी अधिकांश सामान्य कथाजस्तै हुन्छ ।

अधिकांश लेखकले लघुकथा 'के होइन' भन्दै लघुकथालाई परिभाषित गर्न खोजेका छन् । उनीहरूका अनुसार यो सन्देश, उपदेश दिने अर्तिकथा, नीतिकथा वा धार्मिककथा (parable) होइन । यो कलाहीन, कुनै घटनाको वर्णन, वृत्तान्त, किस्सा (tale) होइन । यो टुक्राटाक्री वा अचल रेखाचित्र पनि होइन । रसेल बैंक्सले स्वीकार गरेझैं लघुकथा लामो कथालाई छोटो पारेर बनाइएको कथा पनि होइन । यसको आफ्नै मौलिकता छ । मेरो विचारमा लघुकथालाई सबैभन्दा राम्रोसँग स्पष्ट पार्ने भनाइ रोबर्ट केलीले प्रस्तुत गरेका छन् : "न त कविताजस्तो गद्य, न गद्यजस्तो कविता/श्लोक, तर गद्यको शक्ति र स्पष्टता भएको, कविताको संयोग, अनकूलता र ताल भएको ।" ("neither poetic prose nor prosy verse, but the energy and clarity typical of prose coincident in the scope and rhythm of the poem.") ।

निश्चय नै केलीको परिभाषा गद्य कवितामा पनि उत्तिकै लागू हुन्छ । लघुकथा र गद्य कविता एकअर्कासँग साटन सकिने विनिमययोग्य (interchangable) जस्तो देखिन्छ । उदाहरणका लागि रसेल एडसनले वेस्लेयन पद्य श्रृंखला (Wesleyan poetry series) मा जुन अंश कविताको रूपमा प्रकाशित गरेका छन् त्यही अंश ***सडन फिक्सन*** संग्रहमा लघुकथाको रूपमा प्रकाशित भएको छ । तर लघुकथा र गद्य कवितावीच फरक छुट्याउनु उपयोगी हुन सक्छ ।"[4]

## चिनिया लघुकथा अन्तर्राष्ट्रिय पाठकतिर लक्षित

ख्यातिप्राप्त चिनिया लेखकहरूले लेखेका कथाहरूको एउटा उल्लेखनीय संगालो "चिनिया लघुकथा संग्रह" हङकङ र ताइवानबाट सन् २००५ मा प्रकाशित भएको थियो । ह्यारी जे. युंगले अंग्रेजीमा अनुवाद गरी विदेशी भाषा प्रेसले प्रकाशित गरेको यो पुस्तकमा साँच्चै नै अनौठा, रमाइला, तर्साउने र स्तब्ध पार्ने लघुकथाहरू छन् । साथै प्रत्येक कथाले चिनिया संस्कृति देखाउने झ्यालको काम गर्छ । पुस्तकमा सात वटा लेखहरू पनि छन् । दुइटा लेखमा चिनिया लघुकथा विधाको उत्पत्ति र विकासबारे बताइएको छ ।

पुस्तकमा १२१ वटा लघुकथा छन्, जसमध्ये दश वटा प्राचिन कथा छन् । कथाहरूको औसत लम्बाइ १५०० चिनिया अक्षर अर्थात् ९०० अंग्रेजी शब्द बराबर छन् । सबैभन्दा छोटो लघुकथा ९१ चिनिया अक्षरको छ । केही कथा २००० चिनिया अक्षरसम्मका छन् ।

एक जना लेखक, लिउ हाइसाओको भनाइमा मिङ र क्विङ वंश (सन् १३६८–१९११) को शासनकालमा चिनिया लघुकथा लेखन चरमोत्कर्षमा पुगेको थियो । तैपनि, अर्का लेखक तथा "रोजिएका चिनिया लघुकथा" नामक म्यागजिनका संपादक याँङ जाओमिनका अनुसार लघुकथाले सन् १९९० सम्म पनि उपविधाको रूपमा मान्यता पाएको थिएन । अहिले चिनका कलेज तथा विश्वविद्यालयका पाठ्यक्रममा पनि लघुकथाले स्थान पाएका छन् ।

[3] "It is fiercely condensed, almost like a lyric poem; it explodes in a burst of revelation or illumination; it confines itself to a single overpowering incident; it bears symbolic weight." – Irving Howe, *Short Shorts.*
[4] http://mendota.english.wisc.edu/~WALLACE/short.html

सन् २000 पछि चिनमा लघुकथा संग्रहको बाढी नै आएको छ । सन् २००४ मा मात्रै ४00 भन्दा धेरै चिनिया लघुकथाका पुस्तकहरू प्रकाशित भएका थिए । तीमध्ये उल्लेखनीय संख्यामा विश्वविद्यालय र कलेजका अध्ययनहरूमा समावेश गरिएका थिए ।

## हिन्दी लघुकथाको अवस्था

रविशंकर विश्वविद्यालय, छत्तीसगढकी शोध छात्रा तथा हिन्दीका प्राध्यापक डा. अंजली शर्माले तयार पारको 'हिन्दी लघुकथा का विकास' शोधपत्रमा हिन्दी लोककथा परम्परा वेद, पुराण, रामायण, महाभारत, बौद्ध एवं जातक कथाहरूमा पाइन्छ भनिएको छ । उनी लेख्छिन्, "केही विद्वानहरूले लघुकथालाई बिसौ शताब्दीको देन मानेका छन् । आकारको दृष्टिले लोककथा प्राचीन हुन सक्छ, तर वैचारिक धरातलमा आजका लघुकताहरू र प्रचीन लघुकथाहरूमा पर्याप्त अन्तर छ । यो विशाल व्रह्माण्डमा लघु पृथ्वीको हैसियत नगण्य छ, तैपनि यसको उपयोगितालाई नकार्न सकिन्न । यही कुरा लघुकथामा पनि लागू हुन्छ । लघुकथा विस्फोटको साथ प्रस्फुटित भएको विधा हो । यो कुनै व्यक्तिको महानताको बारेमा गरिने लच्छेदार भाषण होइन । बरु शोषण र शोषकको विरुद्ध एउटा क्रान्ति हो ।"[5]

डा. अंजली शर्मा लघुकथाको विशेषता यसरी बताउाछिन् : "लघुकथाको आकारगत लघुता यसको बाहिरी पहिचान हो, र भित्री शक्ति पनि हो । यसमा एउटै केन्द्रीय प्रसंग हुन्छ जो पाचसात पंक्तिहरूमा आफ्नो उत्कर्षको चरमचुलीमा पुग्छ । यो उत्कर्ष लघुकथाको नाटकीय मोड हुन्छ । यही मोडमा नै कथ्य संदर्भको माध्यमबाट सम्पूर्ण शक्तिको साथ व्यक्त हुन्छ । यसरी लघुकथाको लघुप्रसंगमा एउटा नाटकीय भंगिमा अवश्य हुन्छ जसले स्थितिको विडम्बनालाई एक झट्कामा भण्डाफोर/उद्घाटित गर्छ ।"

"मानव जीवनका विकृतिहरूमाथि प्रहार गर्दै संस्कृतिको स्वस्थ दिशातिर प्रेरित गर्नु नै लघुकथा लेखकको मुख्य लक्ष्य हुन्छ । कथ्य आफैमा महत्वपूर्ण हुँदाहुँदै पनि जबसम्म त्यसले संदर्भगत संवेदना र भाषाको सहयोगबाट सशक्त सिर्जनात्मक अभिव्यक्तिका रूप लिँदैन तबसम्म त्यो सामान्य बर्णनको स्तरबाट माथि उठ्न सक्तैन । लघुकथा न त बोधकथा हो, न त नीतिकथा, न विचारकथा नै हो । बरु यो आजको व्यस्ततम युगको मागअनुसारको सृजनधर्मी मानस र विविध विसंगतिपूर्ण संदर्भहरूको टक्करको बीचबाट उत्पन्न भएको एउटा समर्थ विधा हो, जो देख्दा सानो हुन्छ तर आफ्नो प्रभाववत्ताको हिसाबले कथाभन्दा कम हुादैन ।"[6]

हिन्दी लघुकथाको विकास र वर्तमान अवस्थाको बारेमा माथि उल्लिखित शोधपत्र निक्कै उपयोगी छ । यसले लघुकथाको परिभाषाका साथै विविध पक्षमा गहन विश्लेषण गरेको छ । तल दिइएको बेवसाइटमा उक्त शोधपत्र पूरै पढ्न सकिन्छ । साथै विकिपिडियामा पनि हिन्दी भषामा लघुकथाबारे प्रसस्त सामग्री हेर्न सकिन्छ ।

भारतको पटनामा सन् २००६ डिसेम्बरमा अखिल भारतीय लघुकथा सम्मेलन भएको थियो । सम्मेलनमा विभिन्न साहित्यकारले दिएको अभिव्यक्ति र त्यहाा भएको छलफलका विषयहरूलाई हेर्दा भारतमा लघुकथाको बाढी आएको तर यसको परिभाषा र अर्थबारे अन्यौल भएको देखिन्छ । सम्मेलनमा सर्वसम्मतिले लघुकथाको क्षेत्रमा पहिचान गरेका समस्याहरू यस्ता थिए :

१ लघुकथामा केन्द्रित पत्रिकाको अभाव छ,

२ लघुकथा के हो भन्ने जानकारीको अभाव छ,

[5] http://www.srijangatha.com/2007-08/November07/sesh-vishesh-shodh-anjali%20sharma.htm

[6] http://www.srijangatha.com/2007-08/November07/sesh-vishesh-shodh-anjali%20sharma.htm

३ काल-दोष र अन्तराल दोषको बुझाइको अभाव छ,

४ कुनै पनि रचना लघु हुँदैमा लघुकथा हुादैन भन्ने कुरा संपादकहरूले बुझ्नुपर्छ,

५ लघुकथाको इतिहास र यसको प्राविधिक पक्षको जानकारीको अभाव छ,

६ कथा साहित्यका अन्य विधाहरूसँग लघुकथा कुन विन्दुमा छुट्टिन्छ भन्ने जानकारीको अभाव छ,

७ कथानकको छनौट, सही शिल्प र सटीक भाषाको अभाव छ । [7]

त्यस्तै सन् २००७ को अप्रैलमा लुधियानामा पंजाब साहित्य अकादमीमा लघुकथा सम्मेलन भएको थियो । सम्मेलनमा प्रस्तुत गरिएका कार्यपत्रहरू, अभिव्यक्त विचार र भावनाहरूबाट भारतमा लघुकथाको नाम, परिभाषा, शिल्प, प्रस्तुतिबारे भ्रमहरू रहिरहेको र लोककथा विधामा निखार नआइसकेको स्पष्ट हुन्छ ।[8]

सम्मेलनमा निम्नलिखित शीर्षकमा चार वटा कार्यपत्र प्रस्तुत गरिएका थिए : रामेश्वर काम्बोज 'हिमांशु' को 'लघुकथा : संचेतना एवं अभिव्यक्ति', कृष्णानन्द कृष्णको 'लघुकथा की रचना-प्रक्रिया', राजेन्द्र यादवको 'लघुकथा लेखन के लिए अलग एप्रोच की जरुरत है', डा. शंकर पुणतांबेकरको 'लघुकथा का शिल्पविधान' र सुकेश साहनीको 'बाल मनोविज्ञान पर आधारित लघुकथाएँ' ,

'लघुकथा लेखन के लिए अलग एप्रोच की जरुरत है' शीर्षक कार्यपत्रमा राजेन्द्र यादव लेख्छन् : "हिन्दी भाषाको ऐतिहासिक साहित्यिक पत्रिका 'हंस' मा पाइने सबैभन्दा धेरै रचना गजल र लघुकथा हो । .... राजनीतिमा आएको विसंगति र विडम्बनाले गर्दा लघुकथाको बाढी आएको देखिन्छ । तर लघुकथाको नाममा आउने यी रचनाहरूमध्ये ९९ प्रतिशत रचना चुट्किला हुन्छन् । नेताहरूको भ्रष्टाचार, हृदयहीन व्यवहार, आडम्बर इत्यादि विषय यी चुटकिलाका मुख्य विषय हुन्छन् । यस्ता रचनाबाट रचनाकारको सामाजिक चेतना त झल्किन्छ तर अधिकांश रचना केवल दुई विपरीत अवस्थाको तुलना वा विसंगतिमा सीमित हुन्छन् । जस्तै धार्मिक व्यक्तिले रक्सी बेच्ने ठेक्का बाँड्छ; त्यागको कुरा गर्ने नेताले तस्करी गर्छ, इत्यादि । हाम्रो समाजमा यस्ता विकृतिहरू नभएका होइनन् । तर अखबारमा दिनदिनै छापिने कुरा लघुकथा हुन सक्तैन । ...... लघुकथा गजल वा दोहाजस्तै स्वतन्त्र विधा हो । अर्को कुरा कतिपय लघुकथाहरूले कथाको रूप लिन सक्छन् । पंचतन्त्र, हितोपदेश र जातक कथाहरू, थेर गाथाहरूदेखि लिएर इसप, खलिल जिब्रान, ख्वाजा असरुद्दिन, कन्फ्युसियस र अब आचार्य रजनिशसम्मले लघुकथाको संसार फराकिलो पार्दैछन् । सबैको मूल स्रोत पुराण, बाइबल आदि हो । ती सबैको थीम (विचार) दुईतीन वटा मात्रै हुन्छन् ..... कुनै सिद्धान्त वा विश्वास प्रतिपादन गर्न उदाहरण वा दृष्टान्तको रूपमा कथाहरूको प्रयोग गरिन्थे । ती सुनाइने कथा थिए । छपाइको सुविधा र पढने परम्परा सुरु भएपछि साहित्यका अरू विधाझैं लघुकथा विधामा पनि गुणात्मक परिवर्तन आयो ।.... मेरो विचारमा लघुकथाको वर्तमान रूपको थालनी मुख्यत: गद्यगीतकारहरूबाट भयो र छायावादी युगमा कविहरूले आफ्नो रहस्यानुभूतिहरूको अप्रत्यासित अनुभव (फ्लैस/झल्याँस्स) लाई शब्दबद्ध गर्ने प्रयासबाट लघुकथाको रूपको विकास भयो ।"[9]

उनी अगाडि लेख्छन् : "लघुकथाको क्षेत्रमा पहिलो श्रेणीमा त्यस्तो कुनै प्रतिभा अहिलेसम्म आएको छैन जसमा लघुकथालाई चाहिने गहिरो अन्तर्दृष्टि पाइयोस् । त्यस्तो व्यक्ति जसले आफ्नो प्रकाशले सबैको ध्यान आकर्षित गर्न सकोस् । लघुकथाको सिद्धान्तबारे पनि कुनै गंभीर काम भएको

---

[7] http://www.abhivyakti-hindi.org/samachar/2007/samachar02.htm
[8] http://www.laghukatha.com/dastavez-index.htm
[9] http://www.laghukatha.com/aalakh-04.htm

छैन । अधिकांश कथाकारहरूले पन्ध्रबीस लघुकथा अवश्य लेखेका छन् र निश्चय पनि राम्रा लेखेका छन्, तर त्यो तिनको मुख्य लेखन होइन । लघुकथाकारकै रूपमा स्थापित पहिलो श्रेणीको व्यक्तित्व कतै देखिन्न । सबै पार्ट टाइमजस्ता हुन् । ...... हिन्दीमा मलाई एकजना पनि यस्ता लघुकथाकारको सम्झना छैन जो खलिल जिब्रानजस्तै आफ्नो लघुकथाको लागि प्रसिद्ध होस् । राम्रा लघुकथा लेखकहरू नभएका होइनन् तर त्यसैमा लागिपरेका कोही पनि छैनन् । .... आजको हिन्दी लघुकथाहरूमा सामाजिक-राजनीतिक सरोकार र बेचैनी त धेरै छ, तर प्राय: समकालीन जीवन स्थितिहरूको अनुभूति र स्पंदित क्षणहरूबाट जोगिने प्रवृत्ति छ । हामीमध्ये धेरै जना रूपक, प्रतीक, दृष्टान्तजस्ता 'चाल' हरूको सहारा लिन धेरै रुचाउाछौ । ..... ठूलो चित्रलाई सानो बनाउनु नै मिनिएचर पेन्टिङ होइन । दुबैको लागि बेग्लाबेग्लै एप्रोचको खाँचो पर्छ । लघुकथाको लागि चाहिने त्यो बेग्लै एप्रोच मैले देख्न सकेको छैन । गजल वा दोहामा झैँ जबसम्म यो विधामा मिहिन विचार र 'हेर्दा सानो लाग्ने' भाषाबारे गंभीरतासाथ काम हुादैन तबसम्म यसको हैसियत किताबको पानाको छेउमा लेखिने फूलबुट्टाको हैसियतभन्दा माथि उठ्न सक्ने छैन ।.... फोटोग्राफीको भाषामा लघुकथा यस्तो स्नैपशट हो जसले समयको प्रवाहलाई स्थिर बनाइदिन्छ । त्यो समयको हिस्सा पनि हो र स्वतन्त्र पनि छ ।[10]

'हिन्दी लघुकथा: बढते चरण' लेखमा लेखक रामेश्वर कम्बोज 'हिमांशु' लेख्छन् : "हिन्दी साहित्यमा लघुकथाको क्षेत्रमा थोरै समयामा नै प्रसिद्धि पाउने लोभले एउटा भीड घुसेको छ । यो भीडलाई न त जीवन र जगतको बारेमा गहिरो अनुभव छ न अनुभव प्राप्त गर्न इच्छा नै छ । भाषाको बारेमा पनि यो वर्ग बिल्कुलै लापर्वाह छ । लघुकथालाई पत्रिकामा फिलरको रूपमा उपयोग गर्ने सम्पादकहरूले यो वर्गलाई माया गर्छन् । यसैले बेलाबेलामा लघुकथामाथि चुटकिलाबाजीको आरोप लाग्ने गर्छ । अर्को वर्ग ती लेखकहरूको छ जो रचनात्मक स्तरमा अत्यन्त सजग छन् । हिन्दीका अरू विधाहरूमा विषयका जुन विविधता पाइन्छ त्यो विविधता लघुकथामा पनि पाइन्छ । लघुकथाको क्षेत्रमा सार्थक रचना र कुसल सम्पादनमार्फत लघुकथालाई दिशा दिने लेखकहरू धेरै छन् ।"[11]

**सारमा**

मानव समाजमा ज्ञान र अनुभवको द्रुत विकाससँगै विश्वका सबै समृद्ध भाषा साहित्यमा लघुकथाको पनि विकास र विस्तार भइरहेको छ । यो मेसोमा लघुकथाको नाम, परिभाषा, संरचना, स्वरूप र विशेषतामा धेरै नै गुणात्मक परिवर्तन भइरहेको छ । यो परिवर्तन कतिपय अवस्थामा पुराना मान्यताको विपरीत पनि भइरहेको देखिन्छ । साहित्यका अन्य विधाको तुलनामा लघुकथा विधा आफ्नो छिटो छरितो रूपाकार, अभिव्यक्तिको तीक्ष्णता एवं नाटकीयता तथा आधुनिक आमसंचार माध्यमको बहुआयामिक विशेषताहरूलाई अँगाल्दै द्रुत गतिले लोकप्रियताको शिखरमा पुग्दैछ ।

हिन्दी साहित्यमा जस्तै नेपालीमा पनि लघुकथाको नाममा चुट्किला र सस्ता खालका केवल रूप र आकारले साना कथाको प्रकाशन निक्कै बढेको देखिन्छ जसलाई पर्गेल्नु आवश्यक छ नत्र नेपाली लघुकथाको स्वतन्त्र अस्तित्व विकृत र नष्ट हुन सक्छ । थोरै समयमा लघुकथाले हासिल गर्दै गएको लोकप्रियताबाट आकर्षित भएर तथा यसको छोटो रूप र चुटकिलाजस्तो कथनबाट भ्रमित भएर यसको मूल चरित्रलाई हृदयंगम नगरी केवल यसलाई सस्तो र छिटो नाम कमाउने साधन बनाउने खोज्ने जमातबाट यसलाई जोगाइएन भने यसको विधातग मूल्य र मान्यता खस्कने डर उत्तिकै छ । यसप्रति लघुकथाकार र समालोचकहरूको सजगताको निक्कै खाँचो छ ।

---

[10] http://www.laghukatha.com/aalakh-04.htm

[11] http://www.sahityakunj.net/LEKHAK/R/RameshwarKambojHimanshu/hindi_laghukatha_ke_badhte_charan_SahityaCharcha.htm